# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख २५ गते २०५२ साल (संख्या ४

## भाग ३

### श्री ५ को सरकार
### आवास तथा भौतिक योजना मन्त्रालयको
### सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले स्याङजा जिल्लाको स्याङजा वजार गाउँ विकास समितिको क्षेत्रमा स्याङजा नगर विकास समिति गठन गरेको छ ।

१. नगर विकास समितिको गठन

क) श्री ओम शर्मा, अध्यक्ष चण्डिकालिका गाउँ विकास समिति – अध्यक्ष

ख) श्री उमेशचन्द्र थापा, सानुपसल गाउँ विकास समिति हल्देखोला – सदस्य

ग) श्री काजीमान श्रेष्ठ, अध्यक्ष पुतलीबजार गाउँ विकास समिति – सदस्य

घ) श्री यज्ञ पौडेल, पुतलीबजार गाउँ विकास समिति, प्रगतिनगर – सदस्य

ङ) श्री विमला पोखरेल, पुतलीबजार गाउँ विकास समिति, प्रगतिनगर – सदस्य

च) श्री केदार शर्मा ढकाल, पुतलीबजार गाउँ विकास समिति, स्याङजा – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ) प्रमुख, मालपोत कार्यालय, स्याङ्जा – सदस्य

ज) प्रमुख, जिल्ला वन कार्यालय, स्याङ्जा – सदस्य

झ) प्रमुख, जिल्ला खानेपानी कार्यालय, स्याङ्जा – सदस्य

ञ) प्रमुख, जिल्ला सडक कार्यालय स्याङ्जा – सदस्य

ट) प्रतिनिधि (अधिकृत स्तर) जिल्ला प्रशासन कार्यालय, स्याङ्जा – सदस्य

ठ) प्रमुख, जिल्ला भवन कार्यालय, स्याङ्जा – सदस्य-सचिव

२. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

खण्ड ४२ संख्या ४५ मिति २०४६।११।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित स्याङ्जा नगर विकास समितिको गठन सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय बमोजिमका पदाधिकारी रहने गरी दाङ जिल्लाको चौलाहीगाउँ विकास समितिको क्षेत्रमा लमही नगर विकास समिति गठन गरेको छ ।

१. नगर विकास समितिको गठन

क) श्री तीलक के. सी., लमही – अध्यक्ष

ख) श्री रेवतीरमण शर्मा, लमही – सदस्य

ग) श्री रामगोपाल गुप्ता, लमही – सदस्य

घ) श्री भोजराज शर्मा, लमही – सदस्य

ङ) श्री अयोध्याप्रसाद चौधरी, लमही – सदस्य

च) श्री भोला योगी, गुठी समिति – सदस्य

छ) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला प्रशासन कार्यालय दाङ – सदस्य

ज) प्रमुख, मालपोत कार्यालय, दाङ – सदस्य

झ) प्रमुख, जिल्ला वन कार्यालय, दाङ – सदस्य

ञ) प्रमुख जिल्ला खानेपानी कार्यालय, दाङ – सदस्य

ट) प्रमुख, जिल्ला सडक कार्यालय, दाङ – सदस्य

ठ) प्रमुख, जिल्ला भवन कार्यालय, दाङ – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

खण्ड ४२ संख्या ४५ मिति २०४९।११।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित लमही नगर विकास समितिको गठन सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

## सूचना ३

नगर विकास समिति ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकाले खण्ड ४३, संख्या ४० मिति २०५०।१०।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम गठित पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष तथा सदस्यहरूको सट्टामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू राखी हेरफेर गरेको छ ।

१. समितिमा रहने अध्यक्ष तथा सदस्यहरूः–

(क) श्री कृष्ण थापा, पोखरा नगरपालिका वडा नं. १६ वाटुलेचौर – अध्यक्ष
(ख) ई. श्री ध्रुव गुरूङ, पोखरा नगरपालिका – सदस्य
(ग) के. श्री मानबहादुर गुरूङ, पोखरा नगरपालिका वडा नं. ८ – "
(घ) डा. श्री कृष्ण के.सी., पोखरा नगरपालिका वडा नं. १० – "
(ङ) श्री भोला थापा, प्रमुख, पोखरा नगरपालिका – "
(च) श्री अमर तुलाचन, पोखरा नगरपालिका वडा. नं. २ – "
(छ) श्री लक्ष्मण कार्की, पोखरा नगरपालिका वडा नं १२ – "
(ज) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की – "
(झ) क्षेत्रीय निर्देशक, आवास तथा शहरी विकास विभाग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा – "
(ञ) प्रमुख, जिल्ला खानेपानी कार्यालय, कास्की – "
(ट) प्रमुख, जिल्ला सडक कार्यालय, कास्की – "
(ठ) प्रमुख, जिल्ला वन कार्यालय, कास्की – "
(ड) प्रमुख, मालपोत कार्यालय, कास्की – "
(ढ) आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको राजपत्राँकित अधिकृत – सदस्य–सचिव

२. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।



९०९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संखुवासभा जिल्लाको मनकामना गाउँ विकास समिति र पाङ्मा गाउँ विकास समितिको क्षेत्रमा देहाय बमोजिमको पदाधिकारी रहने गरी खाँदबारी नगर विकास समिति गठन गरेको छ ।

१. समितिको गठनः–

क) श्री डेडराज खड्का, पाङ्मा गाउँ विकास समिति, संखुवासभा –अध्यक्ष
ख) श्री लालबहादुर गुरुङ, पाङ्मा गाउँ विकास समिति, संखुवासभा –सदस्य
ग) श्री नरबहादुर थापा, मनकामना गाउँ विकास समिति, संखुवासभा –सदस्य
घ) श्री सीताराम तिम्सिना, मनकामना गाउँ विकास समिति, संखुवासभा –सदस्य
ङ) श्री किरण शाक्य, मनकामना गाउँ विकास समिति, –सदस्य
च) श्री शिवकुमार गौली, मनकामना गाउँ विकास समिति, संखुवासभा –सदस्य
छ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, संखुवासभा –सदस्य
ज) स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, संखुवासभा –सदस्य
झ) प्रमुख, जिल्ला वन कार्यालय, संखुवासभा –सदस्य
ञ) प्रमुख, जिल्ला खानेपानी कार्यालय, संखुवासभा –सदस्य
ट) प्रमुख, मालपोत कार्यालय, संखुवासभा –सदस्य
ठ) प्रमुख, जिल्ला भवन कार्यालय, संखुवासभा –सदस्य-सचिव

२. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

आज्ञाले,
जयराम गिरी
श्री ५ को सरकारको का.मु. सचिव



902

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ मित्रराष्ट्र चीन तथा नयाँ दिल्लीतर्फ २०५१।१२।२७ गते जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री मुरारिराज शर्मालाई मिति २०५१।१२।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

गृह मन्त्रालयका का. मु. सचिव श्री रेवतीरमण पोखरेल प्रमुख जिल्ला अधिकारी, प्रहरी अधिकृत तथा राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरूको पश्चिमान्चल क्षेत्रीय सम्मेलनमा भाग लिन पोखरातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पुरूषोत्तम ढकाललाई मिति २०५१।१२।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

निर्माण तथा यातायात मन्त्रालयका का.मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ सम्माननीय प्रधानमन्त्रीज्यूको भारतको औपचारिक भ्रमण दलमा सम्मिलित हुन चैत्र २७ गते नयाँदिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री देवेन्द्र प्रसाद रिमाललाई मिति २०५१।१२।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०३

## सूचना ४

वाणिज्य मन्त्रालयका का.मु. सचिव श्री विश्वनाथ सापकोटा सम्माननीय प्रधानमन्त्रीज्यूको भारतको औपचारिक भ्रमण दलमा समेत सम्मिलित हुन २०५१ चैत्र २४ गते बंगलादेशतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रायलका सह-सचिव श्री लवकुमार देवकोटालाई मिति २०५१।१२।२४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

अर्थ मन्त्रालयका का. मु. सचिव श्री रामविनोद भट्टराई सम्माननीय प्रधानमन्त्रीज्यूको भारतको औपचारिक भ्रमण दलमा सम्मिलित हुन २०५१ चैत्र २७ गते नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५१।१२।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५१।१२।६ को निर्णयानुसार यस सचिवालयका सह सचिव श्री हिरालाल सिंह डंगोलको ३० बर्ष, सेवा अवधि पुग्ने मिति २०५१।१२।१५ बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ बर्षको सेवा अवधि थप गरिएको छ ।

श्रीकान्त रेग्मी
का. मु. सदस्य सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०४